
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ५ गते शुक्रबार ❑ 19 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराबाट चीनका विभिन्न सहरमा चार्टर्ड उडान हुने

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चीनका विभिन्न सहरमा चार्टर्ड उडान हुनेभएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले आगामी असारको पहिलो सातादेखि चीनका विभिन्न सहरमा चार्टर्ड उडान सुरु हुने बताउनुभयो ।

नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) को २४औँ राष्ट्रिय सम्मेलन तथा वार्षिक साधारणसभाका अवसरमा पर्यटनमन्त्री किरातीले यस्तो जानकारी दिनुभएको हो । "जुन २३ तारिखदेखि पोखराबाट चीनका विभिन्न सहरमा चार्टर्ड उडान गर्दैछौँ, हिजो मात्रै अन्तिम कुराकानी गरेका छौँ", उहाँले भन्नुभयो । विसं २०७९ पुस १७ गतेदेखि व्यावसायिक रुपमा सञ्चालनमा आएको नेपालको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलले सञ्चालनको पाँच महिनासम्म अन्तर्राष्ट्रिय उडान गर्न सकेको छैन । यो विमानस्थल भएर आन्तरिक उडान भइरहे पनि अन्तर्राष्ट्रियतर्फ अहिलेसम्म कुनैपनि उडान भएका छैनन् । विमानस्थल उद्घाटनका दिन नेपालबाट अन्तर्राष्ट्रिय उडान भरिरहेको हिमालय एयरलाइन्सले परीक्षण उडान गरे पनि अहिलेसम्म कुनै अन्तर्राष्ट्रिय उडान नभएको विमानस्थल कार्यालयले जनाएको छ ।

पर्यटनमन्त्री किरातीले पोखराबाट चीनका विभिन्न सहरमा चार्टर्ड उडान गर्ने बताउनुभए पनि कुन-कुन एयरलाइन्सका जहाजबाट उडान हुने भन्ने खुलाउनु भएन ।

पर्यटनमन्त्री किरातीले राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर ीष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने पनि जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौँ-क्वालालम्पुर-भैरहवा-काठमाडौँ सेक्टरमा उडान हुने छन् । उक्त प्रयोजनका लागि टिकट बुकिङ खुलिसकेको निगमले जनाएको छ । पर्यटनमन्त्री किरातीले सञ्चालनमा नरहेका १८ विमानस्थलको व्यावसायिक सम्भावना हेरेर यथाशीघ्र सञ्चालन गरिने जानकारी गराउनुभयो । नेपाल वायुसेवा निगमलाई व्यावसायिक रुपमा प्रतिस्पर्धी बनाउने उद्देश्यले आन्तरिक उडानमा बजार विस्तारका लागि थप जहाज खरिद गर्न लागेको र 'हब' विमानस्थलमा उडान भर्नेगरी तीन थान जहाज खरिद प्रक्रिया अघि बढाइएको उहाँको भनाइ छ ।

पर्यटनमन्त्री किरातीले भ्रष्टाचारलाई निर्मूल पार्नका निम्ति नागरिक तवरबाट खबरदारी हुन जरुरी भएको उल्लेख गर्नुभयो । नेपालको पर्यटन क्षेत्रको विकास प्रवर्द्धनमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेकामा जोड दिँदै उहाँले सरकार र निजी क्षेत्रको साझेदारीलाई बढाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले समय सापेक्षा पर्यटन क्षेत्रलाई अघि बढाउन नीतिगत सुधार गरेर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

बजेटपछि ऐन निर्माणको दिशामा मन्त्रालय लाग्ने र त्यस प्रक्रियामा व्यवसायीको रायसुझाव लिइने उहाँले जानकारी दिनुभयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले कोरोना महामारीपछि पर्यटन क्षेत्र पुरानै लयमा फर्केको सङ्केतले यो क्षेत्रमा उत्साह थपेको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रको दिगो विकासका लागि निजी क्षेत्र र सरकारको साझेदारी फराकिलो बनाएर पर्यटकीय पूर्वाधार विकासमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनन्जय रेग्मीले पर्यटन क्षेत्रको सम्भावनालाई व्यवहारमा परिणत गर्न सबै क्षेत्रको सक्रियताको खाँचो औँल्याउनुभयो । वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्यले पर्यटन पूर्वाधार विकास र प्रवर्द्धनका कामसँगै अघि बढाइनुपर्ने धारणा राख्नुभयो ।

नाट्टाका अध्यक्ष रमेश थापाले कोरोनापछिको पर्यटनलाई पुरानै लयमा फर्काउन अझै केही मेहनत जरुरी रहेको बताउनुभयो । सो अवसरमा संस्थाले पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने व्यवसायी शाक्यलगायत विभिन्न व्यक्तिलाई कदरपत्रद्वारा सम्मान गरेको थियो । पर्यटनमन्त्री किरातीले ती पुरस्कार प्रदान गर्नुभयो ।

## गण्डकीमा नयाँ पदमार्ग निर्माणका लागि प्रदेश सरकारको सहयोग रहन्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
गोरखा, ४ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा नयाँ पदमार्ग निर्माणका लागि प्रदेश सरकारको सहयोग रहने बताउनुभएको छ ।

नयाँ पदमार्ग निर्माणका लागि पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसियशन अफ नेपाल (टान)ले आज गोरखामा बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले पदयात्री पर्यटकका लागि नयाँ पदमार्ग निर्माणमा गण्डकी प्रदेशले सहयोग गर्ने बताउनुभएको हो ।

"सडक सञ्जाल निर्माणका कारण पदयात्रा मार्ग छोटिएका छन्, प्रदेश सरकारले नयाँ पदमार्ग निर्माणका लागि पहल गर्छ", उहाँले भन्नुभयो । उहाँले गण्डकी प्रदेशलाई पर्यटकीय गन्तव्यको महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरिने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले नयाँ पदमार्गको खोजी गरी पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले टानसँग सहकार्य गर्ने स्पष्ट पार्नुभयो । टानका अध्यक्ष निलहरि बाँस्तोलाले सडक सञ्जाल निर्माणका कारण अन्नपूर्ण पदयात्रा मार्ग, मनास्लु पदयात्रा मार्गजस्ता महत्त्वपूर्ण पदयात्रा मार्ग छोटिँदै गएको भन्दै वैकल्पिक पदमार्गको लागि प्रदेश सरकार लाग्नुपर्ने बताउनुभयो ।

उहाँले उपल्लो मुस्ताङ सर्किटको विकास गर्न र लोमान्थाङबाट दामोदर कुण्ड हुँदै नार तथा फू निस्कने गरी बृहत् अन्नपूर्ण सर्किट ट्रेलको खोजी, विकास एवं प्रवर्द्धनमा लाग्न प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

## भ्रष्टाचार र कमिसनको जालो अन्त्य गर्न निरन्तर लागेको छु : उपप्रधानमन्त्री श्रेष्ठ

रासस
काठमाडौँ, ४ जेठ

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कमिसन र भ्रष्टाचारको जालो तोड्न सरकार निरन्तर लागिपरेको बताउनुभएको छ ।

नेकपा (माओवादी केन्द्र) निकट प्रवास समन्वय समितिका सदस्य तथा प्रवासमा कार्यरत नेपाली बुद्धिजीवीसँग आज भएको भेटमा उहाँले भ्रष्टाचारको जालो भताभुङ्ग पार्न आफू निरन्तर लागिपरेको र यसमा नेपाली 'डायस्पोरा'को पनि साथ चाहिएको बताउनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले कमिसन र भ्रष्टाचारको अन्त्य नगरी आर्थिक समृद्धि र देश विकास गर्ने कुरा सम्भव नरहेको उल्लेख गर्दै भ्रष्टाचार र अनियमिततामा संलग्न जोसुकै भए पनि सरकारले नछाड्ने दृढता व्यक्त गर्नुभयो ।

"प्रमाण पुग्ने दोषी जोसुकै भए पनि सरकारले छाड्दैन", उहाँले भन्नुभयो, "अनावश्यक र सस्तो लोकप्रियताका लागि तथ्य र प्रमाणबिना सरकारले कसैलाई पनि छुँदैन ।"

उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणमा निर्दोष नपरुन् भन्नेमा सरकार सचेत रहेको बताउनुभयो । छानबिनलाई निष्कर्षमा पुऱ्याउन आफूलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दह्रो साथ दिनुभएको उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ । सो अवसरमा गृहमन्त्री श्रेष्ठलाई प्रवास समन्वय समितिले बधाई तथा शुभकामना व्यक्त गरेको थियो । भ्रष्टाचार विरोधी सरकारको कदमलाई विश्वभर रहेका नेपालीको साथ र समर्थन रहेको समितिले जनाएको छ । प्रवास समितिले ठगी, मानव तस्करी, सरकारी कागजात कीर्ते र राज्यविरुद्धको अपराध गर्नेमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको थियो ।

प्रवास समन्वय समितिका अध्यक्ष ओम शर्माको नेतृत्वको प्रतिनिधिमण्डलमा सहईन्चार्ज लक्ष्मण पन्त, सचिव टेकबहादुर पाठक, कार्यालय सदस्य इन्द्रराज भट्टराई, सदस्यहरू सुरेन्द्र भुसाल, मनऋषि धिताल, डा कृष्ण कुमार श्रेष्ठ, रमेश तिवारी, हर्क थापालगायतको उपस्थिति थियो ।

## नक्कली भुटानी शरणार्थी प्रकरणका दोषीलाई कारबाही हुनुपर्छ : नेता ज्ञवाली

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले नक्कली भुटानी शरणार्थी प्रकरण छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्नुपर्नेमा जोड दिनुभएको छ ।

प्रेस चौतारी कास्कीद्वारा बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उपमहासचिव ज्ञवालीले भन्नुभयो, "शरणार्थी काण्डको छानबिन गर्न सजिलो होस् भनेर एमालेले पार्टी सचिव टोपबहादुर रायमाझीलाई निलम्वन गरेका छौँ, कांग्रेसले पनि पूर्व गृहमन्त्री बालकृष्ण खाणलाई संरक्षण गरेर राख्नु हुँदैन, छानबिनका लागि प्रहरीलाई सजिलो बनाइदिनुपर्छ ।" नक्कली भुटानी शरणार्थी प्रकरणले नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई नै गम्भीर असर पारेको बताउँदै उहाँले ठूला राजनीतिक दल एकै ठाउँमा उभिएर लोकतन्त्रको रक्षा गर्न आवश्यक रहेको औँल्याउनुभयो । "देशमा राजनीतिक सङ्कट उत्पन्न भएको अवस्थामा लोकतान्त्रिक पार्टी एक हुनुको विकल्प छैन", उहाँले भन्नुभयो, "पछिल्लो समय देशको पूर्वी कोशी प्रदेशको नामकरणमा जातीय गन्ध आइरहेको छ ।"

नक्कली भुटानी शरणार्थी, वाइडबडी, एनसेललगायत काण्डको छानबिन गरी दोषीमाथि कडा कारबाहीको मागसमेत उहाँले गर्नुभयो । पछिल्लो समय देशको अर्थतन्त्र अत्यन्त कमजोर अवस्थामा पुगेको र देशको अर्थतन्त्र बिग्रनुमा भूकम्प, नाकाबन्दी, कोरोना र फान्स र युक्रेन युद्ध पनि रहेको उहाँको भनाइ छ ।

## जातीय छुवाछूत र भेदभाव हेर्ने छुट्टै इजलासको माग

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

दलित महिला सङ्घ (फेडो)ले प्रत्येक अदालतमा जातीय छुवाछूत र भेदभाव हेर्ने छुट्टै इजलासको व्यवस्था गर्न सरकारसँग माग गरेको छ । साथै राज्यले प्रत्येक पालिकामा सरकारले गठन गर्ने भनी घोषणा गरेको छुवाछूत निगरानी केन्द्रसमेत अझै गठन नभएकामा सरकारको ध्यानाकर्षण गराएको छ ।

न्याय, समानता र सम्मानका लागि पोखरामा यही जेठ २ र ३ गते भएको दलित महिलाको प्रदेश सम्मेलनले जारी गरेको घोषणापत्र सार्वजनिक गर्दै फेडोले पालिकास्तरमा छुवाछूत निगरानी केन्द्र तुरुन्तै गठन गरी प्रभावकारी कामको सुरुआत गर्न माग गरेको हो । फेडो गण्डकीले पटक-पटक छुवाछूत मुक्त राष्ट्र घोषणा गरे पनि कार्यान्वयन प्रभावकारी नभएकाले जातीय विभेद र छुवाछूतसँग सम्बन्धित मुद्दा हेर्ने गरी अदालतमा छुट्टै इजलास र पालिकामा निगरानी केन्द्रको माग गरेको हो । छुवाछूत र भेदभावलाई मानवताविरुद्धको सामाजिक अपराध कायम गरी यस्तो अपराध गर्नेलाई हदैसम्मको कारबाहीको व्यवस्था गर्न सम्मेलनले माग गरेको छ ।


फेडो गण्डकी प्रदेशका दलित, दलित महिला र महिलालाई अधिकार प्राप्तिका लागि सचेतीकरण, सशक्तीकरण र सङ्गठित गर्न प्रतिबद्ध भएर काम गर्ने प्रतिबद्धता जनाएको हो । यसैगरी संविधानमा राज्यका विभिन्न संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएकामा यसमध्ये पनि दलित महिलाको सहभागिता सुनिश्चित गर्न माग गरेको छ । राजनीतिक दलको विधानमा नै संविधान, राजनीतिक दल तथा निर्वाचनसम्बन्धी कानुनमा व्यवस्था भएअनुसार विभिन्न तहको समिति तथा निर्वाचनमा दलित महिलाको सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिनुपर्ने फेडोकी केन्द्रीय अध्यक्ष कला सुवर्णकारले बताउनुभयो । उहाँका अनुसार राज्यले पटक-पटक छुवाछूत मुक्त राष्ट्र घोषणा गरे पनि कार्यान्वयनको प्रभावकारी व्यवस्था गर्न सकेको छैन ।

"छुवाछूत भेदभावलाई मानवताविरुद्धको सामाजिक अपराध कायम गरी यस्तो अपराध गर्नेलाई हदैसम्मको कारवाहीको व्यवस्था गरिनुपर्छ ।" सुवर्णकारले भन्नुभयो । तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको कार्यकालमा सामाजिक विकास मन्त्रालयले दलित सशक्तीकरण विधेयकको मस्यौदा तयार गरेर मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति जनाइसकेको अवस्थामा हाल रोकिएकामा सो विधेयक यथाशीघ्र अगाडि बढाएर कार्यान्वयनमा ल्याउन माग गरिएको छ ।

"कर्णालीपछि दलितको जनसङ्ख्या धेरै भएको प्रदेश गण्डकी हो", फेडोकी संस्थापक अध्यक्ष दुर्गा सोबले भन्नुभयो, "विधेयक टेबुल भएर कार्यान्वयनमा आउँदा दलित महिलाले पनि राहत पाउने छन् ।" दलित महिला जनप्रतिनिधिको पद सम्मानित भए पनि व्यवहारमा अझै अपमानित हुनुपरेको गुनासो गरिएको छ ।

गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद् र विषयगत समितिलाई समावेशी बनाउन, दलित महिलाको शिक्षा, स्वास्थ्य तथा क्षमता विकासको क्षेत्रमा लगानी वृद्धि गर्ने गरी प्रदेश र स्थानीय तहसम्म दलित उत्तरदायी बजेट विनियोजन प्रणाली लागू गर्ने सम्मेलनमा माग गरिएको छ ।

दलित महिलाले सञ्चालन गरेका साना उद्योग तथा व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि राज्यले बिनाधितो बिनाब्याज ऋण उपलब्ध गराउन र मध्यम तथा ठूला उद्योग सञ्चालनका लागि सहुलियत ब्याजदरमा ऋणको व्यवस्था गरी बजारीकरणमा सहयोग गर्न सम्मेलनले माग गरेको छ । कार्यक्रममा गण्डकी प्रदेशका ११ जिल्लाका दलित महिला जनप्रतिनिधि, दलित अधिकारकर्मी गरी तीन सय जनाको सहभागिता रहेको थियो ।

# तेस्रो अन्नपूर्ण म्याराथन/अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवको ८० प्रतिशत तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

तेस्रो अन्नपूर्ण म्याराथन/अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सव २०८० को ८० प्रतिशत तयारी पूरा भएको छ । अन्नपूर्ण सेन्चुरी पर्यटन समितिको आयोजना तथा घान्द्रुक पर्यटन व्यवस्थापन समितिको व्यवस्थापनमा यही जेठ १७ देखि २० गतेसम्म कास्कीको पर्यटकीय गाँउ घान्द्रुकमा हुन लागेको उक्त म्याराथन तथा महोत्सवको तयारी करिब ८० प्रतिशत पूरा भएको विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

पर्यटनका लागि सबै मौसम भन्ने मूल नाराका साथ वि.सं. २०७४ सालदेखि आरम्भ गरिएको कार्यक्रमको दोस्रो संस्करण सम्पन्न गरिएको भएता पनि त्यसपछि कोभिड-१९ का कारण निरन्तरता दिन नसकिएको महोत्सव संयोजक ललित गुरुङले पत्रकार सम्मेलनमा बताए । अन्नपूर्ण म्याराथनलाई अन्तर्राष्ट्रिय इभेन्टका रुपमा विकास गर्न यसवर्षदेखि अल्टिमेट एडभान्चर नेपालको साथ र सहयोग मिलेको उनले बताए । यसवर्षको अन्नपूर्ण म्याराथनमा अन्र्तराष्ट्रिय धावकहरुको समेत सहागिता हुने बताएका संयोजक गुरुङले हालसम्म पुरुषहरुले २० र महिला धावकहरुले ५ जनाले दर्ता गराएको बताए । पुरुष धावकहरुको हकमा भने अधिकत्तम ७० जनासम्म सहभागिता गराउने उनले जनाए । सुरक्षा र दौडने स्थलको कारण चाहेर पनि धेरैलाई अवसर दिन नसकिने संयोजक गुरुङले बताए । अन्नपूर्ण आधारशिविरबाट



सुरु हुने म्याराथन माछापुच्छ्रे आधारशिविर, वगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइँले, कोम्रोङडाँडा, किम्रोङखोला उरी हुँदै घान्द्रुक आई समापन हुने गरी ४२.१९५ किलोमिटर म्याराथनको रुट कायम गरिएको उनले जनाए । सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरी ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहणको इतिहासमा विश्व कीर्तिमानी राखेको सन्दर्भमा उक्त दिनलाई "अन्नपूर्ण आरोहण दिवस" मनाउने गरिन्छ ।

सोही दिनको सम्झनामा अन्नपूर्ण म्याराथन हुने भएकाले यसको छुट्टै ऐतिहासिक गरिमा छ भन्ने स्थानियको दाबी रहेको छ । म्याराथनसँगसगै घान्द्रुक पर्यटन व्यवस्थापन समितिको विशेष पहलमा प्रतियोगितात्मक खेलकूदका साथ विविध साँस्कृतिक कार्यक्रम सहित भलिबल, बास्केटबल, छेलो लगायतका प्रतियोगिताहरु हुने भएको समितिका अध्यक्ष विक्रम गुरुङले बताए । जेठ १८ गते हुने म्याराथन दौडमा विजेतालाई १ लाख ५० हजार, उपविजेतालाई १ लाख तेश्रो हुनेलाई ७५ हजारको साथमा पदक र प्रमाण पत्र वितरण गरिने भएको छ । त्यसै गरी सोही इभेण्टमा महिला तर्फ प्रथम हुनेलाई ७५ हजार, दोश्रो हुनेलाई ५० हजार र तेश्रो हुनेलाई २५ हजार प्रदान गरिने भएको छ ।

विश्वकै आठ हजारभन्दा अग्लो हिमाल आरोहणको इतिहासमा पहिलो हिमाल आरोहणको सुरुवात गरिएको अन्नपूर्ण प्रथम हिमालको फेदीबाट आरम्भ हुने तेस्रो संस्करणको अन्नपूर्ण म्याराथन सहित गर्न लागिएको महोत्सव, अन्नपूर्ण पत्रकारिता पुरस्कार वितरण समारोह, हर्स राइडिङ गरी घान्द्रुक गाउँ घुम्न सकिने र गाउँबाट मनोरम दृश्यावलोकन गर्न सकिने,परम्परागत गुरुङ संस्कार र संस्कृतिको प्रत्यक्ष अवलोकन कक्ष, झाँक्री प्रदर्शन, घैंटो फुटाउने, पर्वतीय साहसिक खेल तथा विविध कार्यक्रम महोत्सवका मुख्य आकर्षण रहेको समितिले जनाएको छ । अन्नपूर्ण गाउँपालिका वडा नं. १०, घान्द्रुकमा हुन लागेको कार्यक्रमको अवसरमा घान्दुक पुगेका पाहुनालाई २० प्रतिशत होटल आवास सहितको सेवामा २० प्रतिशत बिषेश छुट हुने भएको घान्द्रुक होटल व्यबस्थापन समितिका पुर्व अध्यक्ष किसन गुरुङले बताए । घान्द्रुकमा हाल एकै रातमा १ हजार २ सय जनासम्म आन्तरिक तथा बाह्यि पर्यटकहरुलाई व्यबस्थापन गर्न सकिने भएको उनले जनाए । उक्त महोत्सवको अवसरमा विभिन्न खेलकुद प्रतियोगिताहरु समेत संचालन हुने भएकोले खेलाडीहरुको लागि भने छुट्टै छुटको प्याकेज प्रति खेलाडी ८ सयमा आवासिय सहितको खाजा खानाको व्यबस्था मिलाएको उनले जनाए ।

विगत ८/९ बर्ष देखि गाँउका धेरै युवाहरु रोजगारको लागि विदेशीको सन्दर्भमा पछिल्लो समयमा भने अब गाँउ फर्क अभियानमा गाँउमा आउन सुरु भएको पर्यटन व्यवसायी समेत रहेका पूर्व अध्यक्ष गुरुङले बताए । हिमश्रृखला सहितको अति सुन्दर गाँउमा अर्गानीक खाद्य पदार्थ खान पाइने र गुरुङ समुदायको कलासंस्कृति भेषभुषा भएको उनले जनाए ।

महोत्सव सम्पन्न गर्न करिब ८० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ । महोत्सवलाई सफल पार्न अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजन (एकयाप)/राष्ट्रिय प्रकृति संरक्षण कोष, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, टाँडापानी पर्यटन व्यवस्थापन समिति, खेलकूद मन्त्रालय, अन्नपूर्ण काठमाडौं समाज नेपाल, गुरु आनन्द फाउन्डेशन सहितका अन्य पर्यटनसँग सम्बन्धित संघसंस्थासँगबाट सहयोग प्राप्त हुने भएको संयोजक गुरुङले बताए ।

# 'आर्वा गाउँको चिनारी' सार्वजनिक

ललित अधिकारी/ तुलसी धमला
पोखरा, ४ जेठ

लोक भजन संग्रह 'आर्वा गाउँको चिनारी' बजारमा ल्याईएको छ। आर्वा अमलाचौरका युवा गायक सुरेन्द्रराज बरालको प्रस्तुतीमा बजारमा आएको सो संग्रह मा सुरेन्द्रराज बराल, कृष्ण प्रसाद गौतम, अञ्जु रसाइली र मनु अधिकारीले स्वर भरेका छन् । लेखन संकलन रचना तथा निर्माण सुरेन्द्रराज बरालले गरेको संग्रहको निर्देशन कृष्ण प्रसाद गौतमले गरेका छन् भने छायांकन राधाकृष्ण बराल रहेका छन ।

युटुव मार्फत सार्वजनिक गरिएको सो संग्रहले आर्वाका धार्मिक देवी देवल मठ मन्दिर को परिचय गराउनुको साथै लोक भजन मार्फत समग्र आर्वा गाउँको परिचय राम्रै संग गरेको छ ।

आर्वा पोखरा देखि कसरी पुग्ने, आर्वा पुगेपछि त्यहाँका पर्यटकीय तथा धार्मिक मठ मन्दिर कहाँ कहाँ छन् अनि तिनको महत्व के के छन् लगायतका बिषय संग्रह मा समेटिएको छ । बिशेषगरी आर्वाका अमलाचौर गहतेडाँडामा नवनिर्मित दक्षिणकाली मन्दिर, मणीदिपमा रहेको महाकाली, शिव मन्दिर, मोहरपानी आदर्श टोलमा रहेका राम मन्दिर तथा माईको थान मन्दिर, ठाँटीमा रहेको लक्ष्मीनारायण मन्दिर, छापाको चौतारामा रहेको शिव मन्दिर, कुईथोकमा रहेको अर्धनारेशवर मन्दिर, आहाँडी मा रहेको नवदुर्गा मन्दीर संगै वायुका राजा रतनपाण्डे मन्दिर सहित आर्वाकै प्रसिद्ध स्थल महाप्रभुधाम लगाएतको वर्णन लोक भजन संग्रहमा गरिएको छ । भजन मार्फत यि मन्दिरहरु तथा स्थलहरुको ऐतिहासिक धार्मिक तथा पौराणिक महत्व दर्शाउन खोजिएको छ ।

निकै मेहनतका साथ बनाईएको लोक भजन संग्रह आर्वा गाउँको चिनारी सबैले सुनेर हेरेर प्रतिकृया दिन निर्माण पक्षले आव्हान गरेको छ ।

# अरण्यज्योति कपमा ग्रुप 'बि' को खेल शुरु

प्रेम बहादुर आले
पोखरा, ४ जेठ

अरण्यज्योति क्रिकेट क्लबको आयोजनामा पोखरामा जारी लुम्बिनी विकास बैंक अरण्यज्योति कप-२०८० मा बिहीबारदेखि ग्रुप 'बि'तर्फको खेल शुरु भएको छ । बिहीबारको खेलमा साँग्रिला क्रिकेट क्लव र पल्सर सिइसी विजयी भएका छन् ।

पहिलो खेलमा साँग्रिलाले पेलिक्याण्टस् क्रिकेट क्लव, तनहुँलाई १४ रनले पराजित गऱ्यो । टस हारेर व्याटिङ गरेको साँग्रिलाले १८.२ ओभरमा पुरा विकेट गुमाएर १ सय २ रन बनायो । साँग्रिलाको तर्फबाट राजु खनालले ३२ तथा विपिन खत्री र शरद भेषावकरले समान १८ रन जोडे । तनहुँको बलिङमा चन्द्रकान्त पौडेलले ४ तथा प्रदीप अर्याल, कमल परियार र इशान पाण्डेले दुई दुई विकेट बाँडे ।

जितका लागि १ सय ३ रनको लक्ष्य पछ्याउने क्रममा तनहुँको टोली १९.४ ओभरमा ८८ रनमै खुम्चियो । तनहुँको व्याटिङमा नविन यादवले १९ तथा कृष कार्कीले १५ रन बाहेक अन्य व्याट्स्मायनले दर्शीनिय प्रदर्शन गर्न सकेनन् । खेलमा म्यान अफ द म्याच भएका साँग्रिलाका बलर कृष्ण कार्कीले ३ विकेट लिए । त्यस्तै सिब्रिन श्रेष्ठले पनि ३ तथा नारायण जोशिले २, विपिन खत्री र शरद भेषावकरले एक एक विकेट लिए ।

अर्को खेलमा सिइसीले राइजिङ पोखरालाई ६ विकेटले पराजित गरेको हो । पहिला व्याटिङ गरेको राइजिङ पोखराले १४.५ ओभरमा सम्पूर्ण विकेट गुमाएर ५९ रन मात्रै बनाउन सक्यो । जसमा सन्दीप खत्रीले २ ९ तथा अनिल गुरुङ्गले ९ रन हाने । म्यान अफ द म्याच सिइसीका सुवास खत्रीले ४ विकेट लिदै पोखराको व्याटिङ लाइनअप कमजोर पारे । त्यस्तै, अविनास बस्याललले ३ तथा किरण चन्दले २ विकेट लिए । ६० रनको सानो लक्ष्य पाएको सिइसीले १६ औं ओभरमा ४ विकेट गुमाएर जित हाँसिल गऱ्यो । सिइसीका लागि बिराट भण्डारीले अभिजित ३४ रन बनाए । पोखराका बलरहरु धिरज शाही ठकुरीले २ तथा करण केसी र कृष्ण पौडेलले एक एक विकेट लिए ।

# मन्त्रीसमक्ष सेवाग्राहीका गुनासा

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

गण्डकी प्रदेश सरकारका नवनियुक्त भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले यातायात व्यवस्था कार्यालयबाट हुने सेवा प्रवालाई चुस्त बनाउन आवश्यक नीतिगत र व्यवस्थापकीय सुधार गरिने प्रतिबद्धता जनाउनुभएको छ ।

बुधबार पोखरास्थित यातायात व्यवस्था कार्यालयको अनुगमनका क्रममा उहाँले सेवाग्राहीबाट आएका गुनासा र समस्या समाधानका लागि मन्त्रालय तहबाट पहल र सहजीकरण गर्ने बताउनुभयो । मन्त्रालयका उपसचिव टीकाराम पौडेलसहितको अनुगमन टोलीसमक्ष सेवाग्राहीले सेवा लिँदा खेप्नुपरेका समस्याबारे जानकारी गराउनुभएको थियो । सेवाग्राहीले खानेपानी अभाव, अव्यवस्थित र झन्झटिलो सेवा प्रवाह, पुराना सवारीसाधनबाट ट्रायल दिनुपर्नेलगायत समस्या राख्नुभएको थियो । कार्यालयमा हुने बिचौलियाको चलखेल नरोकिएको गुनासो आएपछि मन्त्री जुग्जाली आकस्मिक अनुगमनमा जानुभएको थियो । "यातायात व्यवस्था कार्यालयबाट हुने सेवा प्रवाहबारे धेरै जनगुनासो छ, अब छिटोछरितो र सहज सेवा दिने वातावरण बनाउँछौं", उहाँले भन्नुभयो । गत साता मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएका मन्त्री जुग्जालीले मातहतका कार्यालयबाट हुने सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन पहल थाल्नुभएको छ । उहाँले पोखरामा चल्ने सवारीसाधनको प्रदूषण मापदण्डलाई कार्यान्वयन गरिने बताउनुभयो । "विसं २०७६ देखि सुरु भएको सवारीसाधनको प्रदूषण परीक्षण मापदण्ड अझै कार्यान्वयन हुनसकेको छैन । कार्यालयमा पूर्वाधार र जनशक्तिको पनि अभाव छ । प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त र प्रविधिमैत्री बनाउन कार्ययोजना तयार पारिएको छ", मन्त्री जुग्जालीले भन्नुभयो । गत वैशाख १५ गते बसेको वर्तमान मन्त्रिपरिषद्को पहिलो बैठकले सेवा प्रवाह सुधारबारे अध्ययन प्रतिवेदन तयार पार्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव विनोदबहादुर कुँवरको संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको थियो । कार्यदलले तत्कालीन र दीर्घकालीन कार्ययोजना समेटेर तयार पारेको प्रतिवेदनलाई स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता एवं ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले जानकारी दिनुभयो । कार्यदलले निर्धारित १५ दिनभित्रै गत वैशाख २९ गते सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । प्रतिवेदनले निदृष्ट गरेका कार्ययोजनामा टेकेर यातायात कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाइने सरकारका प्रवक्ता अर्यालले बताउनुभयो ।

## महिला विरुद्धको हिंसा

- महिला विरुद्धको हिंसा भनेको महिला विरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै पनि किसिमको यातना भेदभाव वा दुर्व्यवहार हो ।
- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्य घरेलु हिंसा हो ।
- घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजारदेखि २५ हजार रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ । पुनः सोही कसूर गर्नेलाई पटकैपिच्छे दोब्बर सजाय हुन्छ । तसर्थ घरेलु हिंसा हुने कुनै पनि काम नगरौं/ नगराऔं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१-४६७७३२/४६७७३३


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सर्वोच्चको महत्वपूर्ण आदेश

सर्वोच्च अदालतले ९ महिनाभित्र संघीय निजामती सेवा ऐन जारी गर्न सरकारलाई आदेश जारी गरेको छ। संघीयता निजामती ऐन जारी नहुँदा प्रदेश सरकारलाई काम गर्न अप्ठ्यारो परेको गुनासो प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूले गर्दै आएका छन । कर्मचारी भर्ना गर्दा लोक सेवा आयोग र सार्वजनिक संस्थानहरुले छुट्ट्याएको कोटामा चित्त नबुझेर अदालत जाने गरेका छन।त्यसैको निहुँमा कर्मचारी भर्ना र परीक्षा स्थगित हुने गरेका छन । संघीय संसदले निजामती ऐन पास नगर्दा प्रदेशमा कर्मचारी जान नमान्ने र भर्ना लिन पनि अप्ठ्यारो परेको हो । सर्वोच्चले महिना तोकेर ऐन जारी गर्न दिएको आदेश पालना हुनुपर्छ । अब विभिन्न बाहनामा बिधयेक अड्काउने काम हुनुहुँदैन ।

थारु कल्याणकारिणी सभा र अधिवक्ता श्रवणकुमार चौधरीले दायर गरेको रिटमाथि फैसला गर्दै सर्वोच्चले सरकारका नाममा दिएको आदेश महत्वपूर्ण हो । लोकसेवा आयोग र सार्वजनिक संस्थाको कर्मचारी भर्ना सूचनामा थारू समुदायलाई आरक्षण नदिइएको भन्दै रिट दायर भएको थियो । कहिले मधेसी भित्र थारु राख्ने कहिले छुट्टै समूह मान्ने गर्दा अन्योलको अवस्था आएको हो। सबैलाई स्पष्ट हुने गरि कोटा छुट्ट्याएको भए अदालतले महिना तोकेर आदेश दिने अवस्था आउने थिएन । सर्वोच्चका न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको संयुक्त इजलासले सबै वर्ग र समूहलाई कानूनमै आरक्षण व्यवस्था गर्न पनि भनेको छ। अदालतले गत माघ २४ गते यस रिटमा फैसला गरेको थियो। त्यही आदेशको पूर्णपाठ जारी गर्दै संविधानको सामाजिक न्यायको हकअन्तर्गत समेटेका सबै वर्ग र समूहलाई कानूनमै आरक्षण दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको नाममा परमादेशको आदेश जारी गरेको छ। स्थायी सरकारको रुपमा चिनिने निजामती र सार्वजनिक संस्थानहरुमा सबै वर्ग र समुदाय समेटियो भने सबैले राज्यले न्याय गरेको ठहर्छ ।

'आरक्षणको व्यवस्थाको कार्यान्वयन कानूनमार्फत गरिनुपर्ने हुँदा संघीय निजामती सेवा ऐन तथा अन्य ऐन, नियम, विनियम समेतका कानूनी व्यवस्थाको निर्माण लगायत आवश्यक सबै प्रबन्ध मिलाउने कार्य यो फैसला प्राप्त भएको ९ महिनाभित्र सम्पन्न गर्नु गराउनु भनी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय संसद सचिवालयलाई जानकारी दिनू', सर्वोच्चको आदेशमा भनिएको छ यो आदेशको पालना भएमा सबै वर्ग र समुदायले देशमा परिवर्तन आएको अनुभूति गर्नेछन् । प्रदेश र स्थानीय सरकारको प्रशासनिक समस्या एक हदसम्म हल हुनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँमा भालुको आक्रमणबाट एकजना घाइते

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ जेठ

तनहुँको व्यास नगरपालिकाका भालुको आक्रमणबाट एकजना घाइते भएका छन् । घाइते हुनेमा व्यास-८ मलपौरेका ३५ वर्षीय गोरे विक रहेका छन् ।

बिहीबार बिहान पाँच बजे घर नजिकैको मकै बारीमा मकै खान आएको भालु धपाउन जाँदा भालुले विकमाथि आक्रमण गरेको वडाध्यक्ष युवराज गुरुङले जानकारी दिनुभयो ।

आक्रमण लगत्तै भालु भागेको थियो । घाइते विकको स्थानीयवासीले तत्काल उद्धार गरी रिस्तीस्थित स्वास्थ्य चौकी लगिएको थियो । विकलाई थप उपचारका लागि दमौली अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। भालुले चिथोर्दा उनको दाहिने आँखाको माथिल्लो भागमा घाउ भएको छ।

# बगर तातोपानी कुण्डमा पूर्वाधार अभाव

**–कमल खत्री**
बेनी, ४ जेठ

चक्रीय धौलागिरि पदयात्रामा पर्ने म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीको बगरा तातोपानी कुण्डमा पूर्वाधार अभाव भएको छ।

म्याग्दी नदीको किनार नजिकै बग्ने तातोपानीको मूललाई सङ्कलन गरिएको कुण्डमा स्नान गरी उपचार गराउन आउनेको सङ्ख्या बढ्दै गएको छ। तर कुण्ड परिसरमा पूर्वाधारको अभाव भएपछि समस्या भएको छ । धौलागिरि हिमालको आधार शिविर जाने पदमार्गअन्तर्गत अन्तिम मानव बस्तीको रुपमा रहेको जेल्टुङ गाउँ नजिकै रहेको प्राकृतिक तातोपानीको कुण्डमा स्नान गरेमा थकान मेटिने भएकाले पर्यटक पुग्ने गरेका छन् । कुण्डमा स्नान गरेमा नसा, हाडजोर्नी र छालासम्बन्धी विभिन्न रोग निको हुने विश्वास गरिएको छ।

आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएपछि उनीहरुलाई व्यवस्थापन गर्न समस्या भएको कुण्डका व्यवस्थापक कृष्णबहादुर बुढाथोकीले जानकारी दिनुभयो । उहाँका अनुसार, गत पुसदेखि यता कुण्डमा दुई सय २० जना बढीले नियमित स्नान गरी विभिन्न रोगको उपचार गराएका छन् । बगर र जेल्टुङ गाउँका स्थानीय ४० र अन्य एक सय ८० जनाले कुण्डमा पुगेर स्नान गरी उपचार गराएका हुन् । पछिल्लो समय कुण्डको प्रचारप्रसारले स्नान गरी उपचार गराउन आउनेको सङ्ख्या बढ्दै गएको छ। पदमार्गबाट म्याग्दी नदी तरेर कुण्डमा जान पुलको अभावले सर्वसाधारणलाई सास्ती भएको छ । उनीहरु जोखिमपूर्ण आवतजावत गर्न बाध्य छन् । कुण्डमा आवतजावत गर्न झोलुङ्गे पुल नहुँदा नदीमाथि अस्थायी साँघु बनाएर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको स्थानीय राउण्ड धौलागिरि युवा क्लबका सचिव आस्मन पुर्जाले बताउनुभयो । पुल निर्माणको लागि पटक पटक विभिन्न निकायमा माग पेश गरेको भए पनि सुनुवाइ नभएको उहाँको गुनासो छ। "पर्यटकको आकर्षणको रुपमा रहेको तातोपानीमा सहजरुपमा आवतजावत गर्ने सुविधा छैन, नियमितरुपमा उपचारका लागि स्नान गर्न आउने बिरामीलाई समेत बसोबासको लागि पूर्वाधार बन्न सकेको छैन", पुर्जाले भन्नुभयो ।

केही वर्षअघि धौलागिरि गाउँपालिकाले पर्यटक र बिरामीको सुविधाका लागि निर्माण गरेको आश्रयस्थल भवनको पूर्वाधारसमेत पहिरोले क्षति पुऱ्याएपछि अहिले यस कुण्डमा नियमितरुपमा स्नान गर्ने त्रिपाल टाँगेर बस्ने गरेका छन् ।

यस कुण्डमा लामो समय स्नान गर्नेबाट प्रतिव्यक्ति रु दुई सय शुल्क लिने गरिएको छ। उक्त रकमलाई कुण्डको वारपार गर्न हरेक वर्ष साँघु निर्माण गर्नेलगायतका कार्यमा परिचालन गरिँदै आएको छ । यस कुण्डमा रोग निको हुने विश्वासले मुदी, मुना, ताकम, मराङ, देवीस्थानलगायतका गाउँबाट सर्वसाधारण स्नान गर्न पुग्ने गर्दछन् । सुविधाजनक पूर्वाधार नहुँदासमेत उपचारका लागि आउनेको सङ्ख्या बढेपछि यहाँका स्थानीयले पूर्वाधार निर्माणमा जनप्रतिनिधिको ध्यानाकर्षण गराएका छन् । गाउँपालिका र अन्य निकायमा पटक पटक कुण्डको संरक्षण तथा पूर्वाधार निर्माण सम्बन्धमा जानकारी गराए पनि उचित सम्बोधन नभएको स्थानीयवासीको गुनासो छ।

मुदीगाउँदेखि एकदिनको पैदल यात्रापछि यहाँपुग्न सकिन्छ। कहालीलाग्दो भिरपहरामा खोपेर निर्माण गरिएको पदमार्ग हुँदै भीरपाखा, खोला, झरना र विभिन्न वन्यजन्तुको अवलोकन गर्दै अन्तिम मानबबस्ती बगर पुग्न सकिन्छ। बगर गाउँदेखि करिब तीन घण्टाको पैदलयात्रा पछि तातोपानी कुण्ड पुग्न सकिन्छ।

धौलागिरि हिमाल आरोहण गर्ने पर्यटकले तातोपानीमा डुबुल्की मारेर थकान मेटाउने गर्दछन् । कुण्डसँगै रहेको सुन्दर झरनाले पर्यटकलाई लोभ्याउने गरेको छ। म्याग्दीमा बेनी नगरपालिका-४ सिंगा तातोपानी, धौलागिरि गाउँपालिका-१ गुर्जा तातोपानी, धौलागिरि-४ मुदी बगर तातोपानी, अन्नपूर्ण गाउँपालिका-१ दोवा तातोपानी, अन्नपूर्ण-२ भुरुङ तातोपानी, अन्नपूर्ण-५ पाउद्वार तातोपानी र अन्नपूर्ण-६ रातोपानीमा प्राकृतिक तातोपानीका मूल छन् । दर्जन बढी स्थानमा तातोपानीका मूल रहे पनि अहिले आठ ठाउँमा व्यवस्थित तातोपानीका कुण्ड बनाएर विभिन्न रोगको उपचार र पर्यटकको थकान मेटाउने कुण्ड सञ्चालनमा छन् ।

# पोखरामा रक व्याण्ड अल्बाट्रोस आउदै

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

युवाहरुमाँझ चर्चित रक व्याण्ड अल्बाट्रोस नयाँ एल्बम रिलिज सहित लाइभ प्रस्तुती लिएर पोखरा आउन लागेको छ। व्याण्डको नयाँ एल्बम रातकी रानी लन्चिङ गर्न पोखरा आउन लागेको हो ।

पोखराको लेकसाइडमा रहेको प्याराडिसो स्पोर्ट्स बार एन्ड ग्रिलमा जेठ ५ गते साँझ लाइभ कन्सर्टमा सहभागी नयाँ एल्बम लन्चिङ गर्ने छ । अल्बाट्रोसका फर्कि फर्कि नहेर मलाई, तिमि अनि मेरो त्यही एउटा कुरा लगाएतका गीतहरु चर्चित छन् । सन् १९९८ मा स्थापना भएको यो व्याण्डले नेपाली सागितक जतमा एतिहासिक स्थान बनाएको छ । विश्वका विभिन्न ठुला सहरहरुमा अल्बाट्रोसले लाइभ कर्न्सट गरी सकेको छ। यो व्याण्डका गायक शिरिष दाली हुने भने सन्नि मानन्धर, अभय सिद्धि बज्राचार्य, किस्मत डी श्रेष्ठ व्याण्ड म्याम्बर रहेका छन् । मध्यरातसम्म चल्ने कार्यक्रममा लाइभ कन्सर्ट नचाउने छन् ।

कार्यक्रमको टिकट १ हजार र ५ सय रुपैया रहेको प्याराडिसो स्पोर्ट्स बार एन्ड ग्रिलका म्यानेजर हरी पौडेलले जानकारी दिए । उनले क्युआरकोड प्रयोग गरेर इसेवाबाटै अग्रिम टिकट लिन र अग्रिम टेबल बुकिङ गर्न सकिने छ । 'अल्बाट्रोस निकै चर्चित व्याण्ड हो,' उनले भने 'धेरैको चाहाना उनीहरुको प्रस्तुती हेर्ने हुन सक्छ, यस अगाडी गत कार्त्तिकमा भएको प्रस्तुतीमा पछि निकै धेरै दर्शक आएका थिए ।'

# पोर्चुगलमा राहदानी शिविरबाट पाँच करोड राजस्व सङ्कलन

**रासस**
काठमाडौं, ४ जेठ

पोर्चुगलमा राहदानीलगायत विभिन्न समस्यामा रहेका नेपालीलाई लक्षित गरी सञ्चालन गरिएको राहदानी सेवा शिविरबाट रु पाँच करोड २२ लाख राजस्व सङ्कलन भएको छ।

राजधानी लिस्बनमा करिब एक महिनासम्म सञ्चालन भएको उक्त शिविरबाट सो राजस्व सङ्कलन भएको पोर्चुगलका लागि गैर आवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत दीपक अधिकारीले जानकारी दिनुभयो । शिविरबाट दुई हजार तीन सय आठ नेपालीले प्रत्यक्ष दर्ता प्रणालीमार्फत विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि आवेदन दिएका थिए । राहदानी तयार भए पछि अवैतनिक नेपाली महावाणिज्य दूतावास लिस्बनमार्फत सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइनेछ।

राहदानी विभागकी शाखा अधिकृत रञ्जिता दाहाल नेतृत्वको प्राविधिकसहितको टोलीले लिस्बनस्थित अवैतनिक नेपाली महावाणिज्य दूतावासको समन्वय र सहजीकरणमा राहदानी सेवा प्रदान गरेको हो । टोलीमा फ्रान्सको पेरिसस्थित नेपाली राजदूतावासका प्रतिनिधिको समेत सहभागिता रहेको थियो । गत मार्च २९ देखि अप्रिल २५ तारिखसम्म सञ्चालन भएको शिविरबाट टोलीले राहदानीको म्याद सकिएको, क्षति भएको, हराएको, नष्ट भएको र पोर्चुगलमा जन्मेका नेपालीको राहदानी बनाउनका लागि आवेदन फारम सङ्कलन गरेको थियो।

परराष्ट्र मन्त्रालयले राहदानी नै नभएका र कागजातसम्बन्धी समस्यामा परेका नेपालीका लागि विशेष व्यवस्था गरेर पोर्चुगलमा शिविर सञ्चालन गरेको र शिविरबाट समस्यामा परेका अधिकांश नेपाली लाभान्वित भएको राजदूत अधिकारीले बताउनुभयो।

# चिनियाँ आरोहीले गरे सगरमाथामा प्याराग्लाइडिङ

**रासस**
काठमाडौं, ४ जेठ

चिनियाँ आरोहीले सर्वोच्च शिखर सगरमाथामा प्याराग्लाइडिङ गरेका छन् ।

चिनियाँ नागरिक ली सेनगतोले सगरमाथाको आठ हजार मिटरबाट आधार शिविरसम्म प्याराग्लाइडिङ गर्नुभएको नेपाल बिग माउन्टेन ट्राभल कम्पनीका प्रबन्ध निर्देशक सुदर्शन नेपालले जानकारी दिनुभयो । आरोही ली आठ हजार मिटरबाट करिब ४० मिनेटमा आधार शिविर झर्नुभएको थियो ।

उहाँका अनुसार चिनियाँ आरोहीले सगरमाथाको आठ हजार मिटरबाट प्याराग्लाइडिङ गर्ने अनुमति लिनुभएको थियो । आरोही ली नेपाल बिग माउन्टेन ट्राभल कम्पनीको समन्वयमा सगरमाथा आरोहणमा जानुभएको हो। सगरमाथाको आठ हजार मिटरबाट प्याराग्लाइडिङ गरेर आधार शिविर झरेर पुनः सगरमाथा आरोहणका लागि निस्कनुभएको छ । "चिनियाँ आरोही ली आरोहण गरेर सगरमाथाको आठ हजार मिटरमा पुगी प्याराग्लाइडिङ गरेर आधार शिविर झर्नुभयो । अहिले आरोहणका लागि सगरमाथाको चुचुरोतर्फ लाग्नुभएको छ", उहाँले भन्नुभयो। प्रबन्ध निर्देशक नेपालले साहसिक कार्यमा रमाउने चिनियाँ पर्यटकलाई आकर्षण गर्न यसले प्रोत्साहन गर्ने बताउनुभयो। कोरोना महामारीपछि चिनियाँ पर्यटक आगमन बढिरहेको सन्दर्भमा चिनियाँ पर्यटकलाई बढीभन्दा बढी आकर्षण गर्न सहयोग पुग्ने बताउनुभयो।

# हात्ती प्रजनन् केन्द्रमा ४१ हात्ती जन्मिए

**रासस**
चितवन, ४ जेठ

चितवन राष्ट्रिय निकुञ्जमा रहेको हात्ती प्रजनन् केन्द्र खोरसोरमा ४१ वटा हात्ती जन्मिएका छन् । विसं २०४४ मा प्रजनन् केन्द्र स्थापना भएयता ती हात्ती जन्मिएका हुन् । विसं २००६ देखिका हात्तीहरु अहिले खोरसोरमा रहेका छन् । खोरसोरमा रहेका ५५ वटा हात्तीमध्ये पाँच वटा विदेशबाट ल्याइएका हुन् भने अन्य नेपालमा नै जन्मिएका हात्ती रहेका हुन्। राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार भारतबाट ल्याइएका चार वटा र थाइल्याण्डबाट ल्याइएको एउटा हात्ती अहिले खोरसोरमा रहेका छन् । नेपालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट दुई, सर्लाहीबाट चार र कोशीटपुबाट तीन हात्ती ल्याइएको उहाँले बताउनुभयो । निकुञ्जमा विसं २०४४ मा हात्ती प्रजनन् केन्द्र खोरसोर स्थापना भएको हो । त्यसभन्दा अघि देखिका हात्ती अहिले खोरसोरमा रहेको उहाँले बताउनुभयो। निकुञ्जको खोरसोरमा रहेका हात्तीमध्ये अहिले चार वटा बृद्धावस्थाका रहेका छन् भने अन्य एक वर्षदेखि माथिका रहेका छन् । तत्कालीन समयमा राजपरिवार सिकार खेल्न आउँदा प्रयोग गरिएका हात्ती निकुञ्जमा रहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "खोरसोर स्थापना हुनुअघि राजपरिवार सिकार खेल्न आउँदा प्रयोग गरिने हात्ती छन् ।" यहाँ रहेका हात्तीमध्ये ३२ भाले र २३ पोथी हुन् । निकुञ्ज सुरक्षार्थ हात्तीको प्रयोग गर्ने गरिन्छ। जीप जान नसक्ने ठाउँमा हात्तीमा चढेर गस्ती गर्ने गरिन्छ।

# मनास्लु र अन्नपूर्णलाई जोडेर नयाँ पदमार्ग निर्माण गरिने

**पोखरापत्र संवाददाता**
लमजुङ ४ जेठ

गोरखाको उत्तरी क्षेत्र मनास्लु र अन्नपूर्ण क्षेत्रलाई जोडेर नयाँ पदमार्ग निर्माण गरिने भएको छ।

पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान) र गोरखा तथा लमजुङका चार स्थानीय तहबीच नयाँ पदमार्ग निर्माण गर्ने समझदारी भएको हो । लमजुङको दोर्दी गाउँपालिकामा बुधबार भएको छलफलमा गोरखाको अजिरकोट गाउँपालिका र लमजुङका दूधपोखरी, दोर्दी र मर्स्याङ्दी गाउँपालिकालाई जोड्ने गरी 'बुद्ध हिमाल-हिमालचुली ग्रेट लेक सर्किट ट्रेल' निर्माण गर्ने सम्झौता भएको टानका द्वितीय उपाध्यक्ष धनबहादुर गुरुङले जानकारी दिनुभयो । सम्झौतापत्रमा टानका अध्यक्ष नीलहरि बाँस्तोला, अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटा, दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ र दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौताअनुसार उक्त पदमार्ग निर्माणका लागि प्रत्येक स्थानीय तहले आवश्यक वजेट विनियोजन गर्ने र त्यसको प्राविधिक तथा प्रवर्द्धनात्मक संयोजन टान गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर भएको टानका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामचन्द्र सेढाईले जानकारी दिनुभयो। सम्झौतासँगै अब नयाँ पदमार्गको खोजी गरी प्रोफाइल तयार गर्ने, पदमार्ग विकासका लागि योजना तयार गर्ने, योजना तथा डिपिआर तयार गर्ने, नयाँ पदमार्गको प्रवर्द्धनका लागि ब्रोसियर, वृत्तचित्र र पर्यटन पदयात्रा नक्सा तयार गरी शुभारम्भ गरिनेछ । विगत ४५ वर्षदेखि पर्वतीय पर्यटन क्षेत्रमा काम गर्दै आएको टानले यसअघि धादिङको रुविभ्याली तथा गोरखाका चुमभ्यालीको समेत नयाँ पदमार्ग खोजेर पर्यटन प्रवर्द्धन गरिसकेको छ । कार्यक्रममा दोर्दी गाउँपालिकाका अध्यक्ष अधिकारीले टानसँगको समन्वयनमा लमजुङ तथा गोरखाका उत्तरी गाउँपालिकासँग सहकार्य गरेर तत्काल काम सुरु गर्ने बताउनुभयो। उहाँले पदमार्ग पूर्वाधार विकासका लागि प्रदेश तथा केन्द्रीय सरकारसँग समेत हातेमालो गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अजिरकोट गाउँपालिकाका प्रमुख देवकोटाले अजिरकोटको भच्चेक बजारलाई नयाँ पदमार्गको प्रवेशद्वार तथा हिल स्टेशनका रुपमा विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो । मस्याङ्दी गाउँपालिकाका अध्यक्ष गुरुङले नयाँ पदमार्गलाई छिमेकी जिल्ला मनाङसँग जोड्ने गरी सहकार्य गरिने बताउनुभयो । दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङले राइनासकोटलाई नयाँ पदमार्गसँग जोड्नका लागि राइनास नगरपालिकासँग सहकार्य गरिने उल्लेख गर्नुभयो।

नयाँ पदमार्गभित्र अजिरकोट, नागेपोखरी, दूधपोखरी, लिपे लेक, मेमे पोखरी, बराहपोखरी, ठूलागीताललगायत प्राकृतिक तथा सांस्कृतिक क्षेत्र पर्दछन् ।

# प्रारम्भिक बालविकास सहजकर्ताहरुका लागि अभिभावक शिक्षा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

बालविकास सहजकर्ताहरुका लागि ३ दिने अभिभावक शिक्षा तालिम सुम्पन्न भएको छ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नौलो घुम्ती नेपाल, कास्की द्धारा संचालित एकीकृत सामुदायिक विकास परियोजनाको आयोजनामा २०८० जेष्ठ १ देखि ३ सम्म संचालित तालिमको सहजिकरण सेतो गुँरास बालविकास केन्द्र, बाग्लुङ्का सहजकर्ता पम्फा खड्काले गरेका थिए। गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालको एकीकृत सामुदायिक विकास परियोजनाको आयोजनामा मादी गाउँपालिकाबाट १२, माछापुच्छ्रे गाउँपालिका बाट ३ र अन्नपूर्ण गाउँपालिका बाट ५ गरी २० बालविकास केन्द्रका सहजकर्ताहरुको सहभागीतामा प्रारम्भिक बालविकासमा अभिभावक शिक्षाको आवश्यकता तथा महत्व, प्रारम्भिक बालबाविकासमा खेलको महत्व, स्थानीय सिकाइ सामग्रीको उपयोग र अभिभावकद्धारा सिकाइ सहजिकरण, असल अभिभावकीय सिप, घरमा आधारित सिकाइ क्रियाकलाप जस्ता विषयवस्तु लगायत आधुनिक प्रविधीबाट वालविकास केन्द्रमा शिक्षण सिकाई गर्ने अभ्यास आदि महत्वपूर्ण विषयहरुमा छलफल तथा प्रशिक्षण भएको थियो।



तालिमको समापन कार्यक्रमका प्रमुख अतिथि मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङले प्रारम्भिक बालविकास सहजकर्ताहरु बालबालिकाको सर्वाङ्गिण विकासमा अहम भूमिका रहेको हुँदा यस तालिमबाट सिकेका कुराहरु समुदायमा संप्रेषण गर्नुहुन प्रेरित गर्नुभयो साथै सहजिकरणका लागि मादी गाउँपालिका सदैव तयार रहेको प्रतिवद्धता व्यक्त गर्दै पालिकासँगको समन्वयमा आवश्यकता पहिचान गरी तालिमको संचालन गरेकोमा आयोजक सस्थालाई धन्यवाद ज्ञापन गरे। त्यस्तै गुड नेवर्स इन्टरनेशनल नेपाल कास्की र पर्वत जिल्लाका परियोजना संयोजक मनकुमार राईले तालिम पश्चात बाल विकास केन्द्र भनेको परिवार, समुदाय तथा सिंगो देशको भविष्य निर्माणमा निर्णायक भुमिका खेल्ने जनशक्ति उप्तादनको प्रारम्भिक चरणको जिम्मेवारी भएको हुँदा तालिम बाट प्राप्त गरेको सीपहरुलाई व्यवहारमा उतार्न तथा आगामी दिनहरुमा पनि शैक्षिक गुणस्तर सुधार तथा पहुँच वृद्धि विकासको लागि संस्था सदैव समुदाय तथा सरकार संग साझेदार गर्न तत्पर रहेको जानकारी दिनु भयो। सहजकर्ता पम्फा खड्काले दातृ निकाय, आयोजक र सहभागीहरु प्रति सहकार्यका लागि कृतज्ञता व्यक्त गर्नु भयो। तालिम भनेको छोटो अवधीमा धैरै कुराहरुको लागी अभ्यास तथा मनन गर्ने माध्यम भएको हुनाले तालिमको दौरानमा सिकेको सिप तथा ज्ञानमा मात्र सिमित नभएर स्वःअध्ययन तथा कार्यान्वयनको माध्यमबाट शिक्षण सिकाई प्रभावकारी बनाउन शिक्षक तथा स्थानीय सरकारको भुमिका रहने वताउनु भयो। तालिमका सहभागी मध्येबाट श्री ज्ञानोदय आधारभूत विद्यालय, अन्नपूर्ण गाउँपालिका वडा नं ६ का बा.वि.के.का सहजकर्ता पुष्पा देवकोटाले अभिभावक शिक्षा तालिम अत्यन्तै फलदायी रहेको, नयाँ नयाँ विषय वस्तुको जानकारी आदान प्रदान भएका साथै अभिभावकीय सिपलाई कार्ययोजना अनुरुप समुदाय स्तरमा कर्तव्यनिष्ठ भई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

# बाँदर आतङ्कले गाउँ रित्तिँदै

**–नारायण विक**
स्याङ्जा, ४ जेठ

स्याङ्जाको गल्याङ नगरपालिकाका किसान बाँदर आतङ्कका कारण समस्यामा परेका छन्। खेतबारीमा लगाएको तरकारी, मकै र फलफूललाई बाँदरका हुल पसेर खाइदिने, भाँचिदिने गर्न थालेपछि लाखौंको क्षति भएको किसानको गुनासो छ।

गल्याङ नगरपालिका-३, गल्याङ बजार निवासी अर्जुन श्रेष्ठले छर्तिमा जग्गा भाडामा लिएर काँक्रा लगाउनु भएको थियो। बिक्री हुने समय भएका करिब दुई क्विन्टल काँक्रा बाँदरको हुल पसेर खाएइदिएपछि उहाँ चिन्तामा पर्नुभएको छ। "खानाखान घरमा गएको थिएँ, खेतमा बाँदरको हुल पसेछ काँक्र सबै जुठो हालिदिने र खाइदिने गरेछ।" उहाँले भन्नुभयो, "जग्गा भाडामा लिएर खेती गरेको थिएँ, भाडा पनि नउठ्ने भयो।" 'एकजना अनिवार्य बाँदर कुर्न बस्नुपर्छ।" उहाँले भन्नुभयो, "किसानहरु पालैपाले कुर्न बस्ने गर्छौं, नगरपालिकाले सहयोग गरे त राम्रै हुनेथियो।"

यस्तै छर्तिमा बेमौसमी मकैखेती तथा सयपत्री फूलखेती गरेका चन्द्रबहादुर राना 'चित्र' को समस्या श्रेष्ठको भन्दा कम छैन। खानेबेला भएको मकैबारीमा बाँदरको हुल कहिले बल्लो र कहिले पल्लोटोडाँबाट पसेर दुःख दिएको उहाँको दुखेसो छ।

"एक जना व्यक्तिले बाँदर धपाउन सकिने स्थिति छैन, दुई तीनजना नै हेरालो बस्नुपर्छ।" उहाँले भन्नुभयो, "दिनभरका टन्टलापुरे घाम नभनी बाली जोगाउन बस्नैपर्छ नभए स्याहार्न पाइदैन।" उहाँले छेउछाउ, टौंडाटाँठडीको करिब एकसय बोट मकै बादरले सखाप परेको गुनासो गर्नुभयो। यस्तै गल्याङ -७, कल्लेरीका अर्का किसान तिलकुमारी रानाले बारीमा बाँदर पसेर सोत्र्यान पारेको गुनासो गर्नुभयो। उहाँले चार रोपनी बारीमा लगाएको मकैको बोटमा बाँदरले क्षति पुऱ्याएको बताउनुभयो। "प्रमुख अन्नबाली मकै दिनहुँ बाँदरले बारीमै आएर भाँच्ने र खाने गर्दा बारी नै रित्तो भइसक्यो।" उहाँले भन्नुभयो, "खेती गर्ने जाँगर हराइसक्यो, खेती गरेर बाँदरलाई हुन्छ भने अर्को वर्ष मकै छरिँदैन होला, बरु खेतबारी बाँझै रहोस्।" बाँदर कहिले खेतमा पसेर त कहिले घरभित्रै पसेर खाद्यान्न खाइदिएपछि स्थानीयवासी झन् चिन्तित भएका छन्। गल्याङ -११, भाटीका ओम थापाले घरभित्रै बाँदर आएर मकैका झोत्ता लगिदिने गरेको बताउनुभयो। "वर्षभरी दुःखकासाथ बाँदरबाटै जोगाएका अन्नपात घरमै आएर बाँदरले लगिदिँदा मन अमिलो हुन्छ।" उहाँले भन्नुभयो, "दिउँसोमा केटाकेटी स्कुल जान्छन्, हामी बुढाबुढी मेलापात जान्छौं, बाँदर झ्यालबाट र धुरीबाट छिरेर अन्नपात लैजान्छ।"

त्यस्तै भाटीकै सोम पल्ली र सावित्री भण्डारीको पनि थापाको भन्दा पीडा फरक छैन। पल्लीले घरमा लगाएको उखु, फलफुल, तरकारी लगायतका बालीमा बाँदरले क्षति पुऱ्याउर्ने गरेको सुनाउनुभयो। उहाँले भन्नुभयो, "आँगनमा सुकाएको, मकै, गहुँ, कोदोको बिस्कुनसमेत आँखा छलेर छिरलिदिन्छ। पल्लीले गुनासो पोखे, 'के गर्ने कसो गर्ने, हैरानीमा परेका छौं, नगरपालिकाले बाँदर नियन्त्रण गर्न गरेको प्रयास सफल भएन।" यसैगरी सावित्री भण्डारीले कौसीबाट धेरै पटक बाँदर छिरेर मकै लगिदिएको बताउनुभयो। "घरमा साना केटाकेटी हुँदा टेर्दैन, उनीहरुलाई तर्साएर मकै चोरेर लैजान्छ।" उहाँले भन्नुभयो,"कहिलेकाहीँ घरभित्र हुँदाहुँदै पनि बाँदरले सताउँछ।"

भाटीकै पार्वती पल्ली मगरले मकै छर्ने वित्तिकै माटो खोर्सेर मकैका गेडा बाँदरले खाइदिएकाले मकै छिमलो (पातलो) उम्रिएको बताउनुभयो। उहाँले भन्नुभयो, "केहीवर्ष पहिले वडाले भारतबाट बाँदर छोप्ने मान्छे ल्याएको थियो, केही बाँदर त छोपेर चितवन राष्ट्रिय निकुञ्जतिर लगे तर अन्तका बाँदर यहाँ आएर दुःख दिए।" गल्याङ-३, का वडाध्यक्ष कृष्ण भट्टराईले बाँदर आतङ्क समस्या बढ्दै गएको बताउनुभयो। उहाँले उहाँले भन्नुभयो, "गल्याङमा उर्वरभूमि भएर पनि बाँदरका कारण किसानले खेती लगाउन छाडेका छन्। बाँदर आतङ्क बसाइँसराइको प्रमुख कारण बन्दै गइरहेको छ।" उहाँले मारेर र स्थायी बन्ध्याकरण गरेर बाँदर आतङ्क नियन्त्रण गर्न सकिने केही आधार भए पनि कानुन नबन्दा झन्झट रहेको बताउनुभयो। उहाँले बाँदर आतङ्कको समाधान सामूहिक प्रयास भएकाले नगर कार्यपालिकाको बैठकमा आफूले ध्यानाकर्षण राखेको बताउनुभयो।

# आठ सय वर्ष पुरानो 'तिजी' पर्वको मनाइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ जेठ

मुस्ताङको लोमान्थाङमा आठ सय वर्ष पहिलेदेखि सुरु भएको ऐतिहासिक र सांस्कृतिक महत्वको पर्व 'तिजी' मनाइएको छ।

चीनको स्वशासित क्षेत्र तिब्बतको सिमानामा रहेको लोमान्थाङमा मङ्गलबारदेखि सुरु भएको तिजी पर्व बिहीबार सकिएको हो। लोमान्थाङ दरबारमा बौद्ध धर्मगुरु पद्मसम्वाको तस्बिर अङ्कित थाङ्का प्रदर्शनी र धार्मिक विधिअनुसार पूजाआजा गरेर तिजी पर्व मनाउन थालिएको थियो। उजाड पहाडको बीचमा समथर भूगोलमा रहेको लोमान्थाङका १३औं पुस्ताका राजाले तिजी पर्व मनाउन सुरुआत गरेका थिए। यहाँका बासिन्दाले अझै पनि सांस्कृतिक राजा र मुखिया प्रथालाई मान्यता दिँदै आएका छन्। राजाका लामा बसेका बाहेकका सन्तान दिवङ्गत भएपछि अनिष्ठ नहोस् भनेर तिजी पूजा गर्ने परम्परा बसालेका इतिहास छ। दुई तले घर बराबरको उचाइ भएको थाङ्का तिजी पर्वमा मात्र दरबारबाट बाहिर निकालेर सर्वसाधारणलाई पूजाआजा र अवलोकनका लागि खुला गरिन्छ। लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका दशवटा वडाका बासिन्दाले हरेक वर्षको ज्येष्ठ कृष्ण द्वादशी तिथिदेखि तीन दिन 'तिजी' पर्व मनाउने गर्दछन्। तिजी लोवा समुदायले मनाउने सबैभन्दा ठूलो र प्रख्यात पर्व भएको लोमान्थाङ गाउँपालिका-५ का वडा सदस्य छेवाङरिङजिङगुरुङले बताउनुभयो। "दुई पालिकाका बासिन्दाका साथै तिजी पर्व मनाउन विदेशी पर्यटक पनि उल्लेख्य मात्रामा लोमान्थाङमा आए", उहाँले भन्नुभयो, "तिजी पर्व संस्कृति र परम्परामात्र नभएर पर्यटक भ्त्रियाउने माध्यम पनि बनेको छ।" लोमान्थाङ दरबार र गाउँका पुजारी आम्ची घ्याचो विष्टले सम्पूर्ण प्राणीहरूको हितका लागि तीन दिनसम्म पूजाआजा र विभिन्न पौराणिक तथा मौलिक नृत्य प्रदर्शन गरेर तिजी पर्व मनाइएको बताउनुभयो। "प्राकृतिक प्रकोप, रोगब्याधी, महामारी, अनिकालजस्ता अनिष्ट नहोस् भन्ने कामना गरेर पूजाआजा गरेका छौँ", उहाँले भन्नुभयो, "पहिलो दिन जमिनका देवी-देवता, दोस्रो दिन समाजलाई दुःख दिने राक्षसको अन्त्य र राक्षसलाई लखेटेको अभिनय लामाहरूले नृत्यमार्फत देखाएर पर्वको समापन गरिएको छ।" तिजीमा लामाहरूले देखाइने नृत्य विशेष आकर्षण हो। लोमान्थाङ गाउँपालिकाका उपाध्यक्ष छ्युमी विष्टले तिजी पर्व अवलोकनका लागि आएका स्वदेशी र विदेशी पर्यटकहरूको बाक्लो उपस्थितिले लोमान्थाङमा रहेका ३५ वटा होटल भरिभराउ भएका बताउनुभयो। माटोको पर्खालभित्र रहेको सात सय वर्ष पुरानो गुम्बा, दरबार, लोवा समुदायको संस्कृति र हिमाली जनजीवन लोमान्थाङको आकर्षण हो।


त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

## आवश्यकता सम्बन्धी सूचना

**यस वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसको लागि १ जना मेडिकल अधिकृत, २ जना मुख्य प्राविधिक सहायक (प्याथोलोजी) र १ जना प्राविधिक सहायक (प्रयोगशाला) ६ महिनाका लागि करार सेवामा नियुक्त गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र र दोब्बर दस्तुर सहित अर्को ७ दिनभित्र दरखास्त आव्हान गरिन्छ। दरखास्त फारम दस्तुर रु. ३००।- सबै पदका लागि र परीक्षा दस्तुर क्रमश रु.२,८००।-, रु.२,०००।- र रु.१,५००।- ने.बैं.लि. पृथ्वीचोक, पोखरामा रहेको Institute of Forestry, Pokhara Campus Pokhara को नामको चल्ती खाता नं. १९२००१००५७९५७२००००01 मा जम्मा गरी सक्कल भौचर सहित पोखरा क्याम्पस पोखरामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुनेछैन। दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट सम्पर्क मिति राखिएकोछ। आवश्यक न्यूनतम शैक्षिक योग्यता सहितको विस्तृत विवरणको लागि पोखरा क्याम्पस, पोखरामा सम्पर्क गर्न र वेभसाईट www.iofpc.edu.np मा समेत हेर्न सकिनेछ।**

क्याम्पस प्रमुख



## मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा,कास्की, गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०२/०५

यस कार्यालयको मिति २०८०/०१/१४ गतेको "राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि E–Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये बाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 21/MRM/G/ SQ/2079/080 | The Procurement of Bee Hives with Bee for Madi Rural Municipality | Greenlock Agro Pvt. Ltd, Lokanthali-1, Bhaktapur, Nepal | NRs.14,40,600.00/- | |

प्रमुख प्रशासकीय अधिकृत



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः २०३१/०३/२३ गते

स्व. गिर बहादुर श्रेष्ठ (किरण)

स्वर्गारोहणः २०८०/०१/२४ गते

हाम्रा अत्मीय मित्र एव रोजिना अफ्सेट प्रेसका संचालक **गिर बहादुर श्रेष्ठ (किरण)** को ४९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

## हिमालय अफ्सेट प्रेस परिवार
पोखरा-९, नयाँबजार